READ Nepal
Inspiring Rural Prosperity

PRACTICAL ACTION
Technology challenging poverty

संक्षिप्त प्राविधिक ज्ञान

# प्राङ्गारिक खेती



*चित्र. प्राङ्गारिक खेती*

**बीउको छनौट :**

- प्राङ्गारिक खेती गर्नको लागि प्राङ्गारिक स्रोतावाट उत्पादन गरिएको बीउ प्रयोग गर्नु पर्छ ।
- यस्तो बीउ खासगरी नेपालको उच्च पहाडी भेगवाट मगाउन सकिन्छ ।
- बीउ छनौट गर्दा २०–४० ग्रामको छनौट गर्नुपर्दछ ।
- यदि ठूलो बीउ भएमा त्यसलाई काटी ट्राइकोडर्मा हार्जिनम वा स्ट्रेप्टोमाईसिस ग्रियोग भिरिडले उपचार गरेर मात्र लगाउनु पर्दछ ।

**रोप्ने समय :**

- ठाउँ तथा वातावरण हेरी आलुलाई ठीक समयमा रोप्नु पर्दछ ।
- मध्य पहाडमा आलु चाँडो लगाउँदा उम्रिन धेरै समय लाग्ने र ढिलो लगाउँदा बर्षाको कारणबाट समयमा आलु खन्न नभ्याइने तथा आलु छिप्पन नपाउने हुन्छ । त्यसकारण बर्षा, चिसो र बढी तापक्रममा नपर्ने गरी आलु रोप्ने गर्नुपर्दछ ।

**छापोको व्यवस्था :**

- प्राङ्गारिक खेतीवाट बढी फाईदा लिनको लागि सुकेको खर, पराल , प्लाष्टिक आदिको छापो प्रयोग गर्नुपर्दछ ।
- छापो प्रयोग गर्दा माटोको तापक्रम बढने, चिस्यान रहिरहने, झारपातको नियन्त्रण हुने र माटोमा रहेको पोषकतत्व बिरुवाले बढी ग्रहण गर्ने हुदाँ उत्पादनमा १०–३६ प्रतिशतसम्म बृद्धि भएको पाइएको छ ।

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*

**वाली चक्र :**

- प्राङ्गारिक आलुखेती गर्नको लागि वालीचक्र अपनाउँदा बढी फाईदा हुने र विभिन्न रोग तथा किराको नियन्त्रणमा सहयोग पुग्ने देखिएको छ ।
- वालीचक्र भान्टा, गोलभेडा लगाएको जग्गामा तुरुन्तै आलु लगाउदा डढुवा, जुका तथा जिवाणु रोग लाग्ने बढी सम्भावना भएकोले त्यस्ता वाली लगाउनु हुदैन ।

**मलखादको व्यवस्था :**

- प्राङ्गारिक खेतीवाट बढी उत्पादन लिनको लागि गड्यौली मल, कुखुराको मल, हाडको धुलो, पशुको मुत्र, तथा त्यस्तै अन्य मलखादको प्रयोग गर्नु पर्छ ।
- त्यसैगरी माटोको अम्लीयपना बढाउन चुना तथा काठको खरानी पनि प्रयोग गर्न सकिन्छ ।

*(स्रोत: हाम्रो सम्पादा, बर्ष १२ ,अंक ७, २०६९, मंसिर)*

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*